प्रतिदिन १६औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १४१ ॥ २०८१ असार १७ गते सोमबार (1st Jul 2024 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-

### झापामा सर्पको विगविगी

# दुई सातामा ८५ जनालाई टोक्यो, एकको मृत्यु



झापा(प्रस) । गत मंगलवार साँझ झापाको कचनकवल ३ गंगाबस्तीमा विषालु सर्पले टोकेर एक बालिकाको मृत्यु भयो । आफ्नै भण्डार कोठाभित्र टेबल निकाल्ने क्रममा हरिप्रसाद राजवंशीकी १२ वर्षीया मनिषा राजवंशीलाई कालो गोमन सर्पले टोकेको थियो ।

त्यस्तै सर्पको उद्धारमा खटिएका मेचीनगरका मुन्ना कार्कीलाई शुक्रवार दिउँसो सर्पले नै डस्यो । मेचीनगर-६, पुरानो भन्सारस्थित आफ्नै घरमा सर्प राखेको बट्टा परिवर्तन गर्ने क्रममा कार्कीलाई गोमन सर्पले डसेको थियो । उनको चारआलीस्थित सर्पदंश उपचार केन्द्रमा उपचार भइरहेको छ । सर्पदंशका यी बढ्दो घटना हुन् । वर्षायाम शुरु भएयता झापामा सर्पको विगविगी बढेको छ । केही दिनदेखि सर्पदंश उपचार केन्द्रहरुमा सर्पले टोकेर आउने विरामीहरुको संख्या बढेको छ । चारआलीस्थित सर्पदंश उपचार केन्द्रमा असारको दुई सातामा सर्पले टोकेर ८५ जना विरामी भर्ना भएका छन् । असारको दुई सातामा विषालु ३० र अविषालु ५५ गरी ८५ जना विरामी भर्ना भएको सर्पदंश केन्द्रमा चारआली व्यारेकबाट खटिएका अरिदमन गणका हुद्दा कृष्ण थापाले बताए । उनले जेठ महिनामा विषालु ३२ र अविषालु ९१ गरी १२३ जना विरामी आएको जानकारी दिए । त्यस्तै बैशाख महिनामा विषालु ६ र अविषालु ५५ गरी ६१ ज्ना विरामी आएका थिए । यसरी वर्षायाम शुरु भएपछि सर्पको टोकाइबाट विरामी हुनेहरुको संख्या बढ्दै गएको छ । गत वर्ष १९५ विषालु र ७१७ अविषालु गरी ९१२ जना चारआली सर्पदंश उपचार केन्द्रमा भर्ना भएका थिए । माटोको घरमा बस्ने, खेतवारीमा काम गर्नेहरुलाई प्रायगरेर सर्पले टोक्ने गरेको हुद्दा थापाले जानकारी दिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सर्पको टोकाईबाट जोगिन राति हिड्नु परे टर्चलाइट लिएर हिड्न, खुट्टा राम्ररी छोप्ने बाक्लो पेन्ट लगाउन, घर वरपरको घाँस, झारपात काटेर सफा राख्न, जमिनका दुलाहरु टाल्न, पराल, दाउरा आदि लिन जाँदा होसियारी अपनाउन, सुत्नुअघि ओछ्यान, खाटमुनि र वरपर राम्ररी हेर्न र सँधै झुल टाँगेर सुत्न आग्रह गरेको छ ।

# असार १५ मा गोरु हलको खाँचो

बिर्तामोड(प्रस) । आधुनिक कृषि उपकरण र प्रविधिको प्रयोग बढेसँगै उपेक्षित बन्दै गएको गोरु र राँगा हलको असार १५ मा निकै माग देखियो ।

असार १५ को कार्यक्रम गर्नकै लागि आयोजकहरु गाउँगाउँमा गोरु र राँगा हल खोज्दै हिडेको पाइयो । राँगा हल भएका बिर्तामोड ९ का गजाधर कुर्मीलाई खोज्दै निकै जना आए । जसबाट असार १५ मा उनको कमाई राम्रै भयो । असार १५ मा आयोजना गरिएको सामूहिक रोपाइँमा उनले राँगा हल नारिदिए । जोत्ने अनि फोटो खिच्नेको बाक्लै भीड लाग्यो । कहिल्यै हलो नजोत्नेहरुले हलो समाएर खिचेको तस्वीरहरु सामाजिक संजालमा बाक्लै पोस्ट गरिएका छन् । नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबे, रोङ गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्वो, चेम्बर अफ कमर्सका अध्यक्ष ओमकृष्ण बिमलीलगायतहरु गोरु हल समाउन पाउँदा निकै रमाए ।

कृषि उपकरण र प्रविधिको प्रयोगले हलो र गोरु लोप हुन थालेका छन् । किसानहरुले खेतबारी जोत्न छिटो छरितो,




सजिलो र भरपर्दो यन्त्र ट्रयाक्टरको प्रयोग गर्न थालेसँगै हलो र गोरु लोप हुन थालेको हो ।आधुनिक प्रविधि भित्रिएसँगै झापाको अधिकांश स्थानमा हलो र गोरुको प्रयोग हुन छाडेको छ । परम्परागत कृषि कर्ममा सर्वाधिक प्रयोग हुने हलो र गोरुलाई हिजोआज ट्रयाक्टरले विस्थापित गरिदिएको हो ।

आधुनिक प्रविधिको प्रयोगले कृषिमा लागत कम लाग्ने र उत्पादन बढी हुने हुँदा किसानहरु त्यसतर्फ आर्कषित हुँदै गएका छन् । पहिले खेतबारी जोत्नका लागि हलो र गोरुको प्रयोग सर्वाधिक हुन्थ्यो । त्यो अहिले निकै झन्झटिलो र खर्चिलो भएको छ । अहिले कम खर्चमा विनाझन्झट छिटो काम हुने ट्रयाक्टरको प्रयोग व्यापक हुन थालेको छ ।

तर, गोरु पाल्न छोडेका केही किसानले पछिल्लो समय गोरुको महत्व बुझेर फेरि पाल्न थालेका छन् । वर्षौंदेखि गोरु पाल्दै आएका बिर्तामोड ९ का बमबहादुर चौधरी कहिल्यै खाली बस्दैनन् । पाल्न साह्रो भएपनि गोरुबाट राम्रै आम्दानी भइरहेको उनले बताए ।

# दुर्घटनाका घाइते शिवसताक्षीका आचार्यको मृत्यु



झापा(प्रस) । झापाको कमल गाउँपालिकामा भएको मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु भएको छ भने अर्का घाइते भएका छन् । शुक्रवार साँझ ७:३० बजेको समयमा कमल ५ सावित्रा चोकस्थित पूर्वपश्चिम लोकमार्गमा केर्खाबाट दमकतर्फ जाँदै गरेको प्र.१-०१-०१४ प ८९१४ नम्बरको मोटरसाईकले बाटो क्रस गर्दै गरेको कुकुरलाई ठक्कर दिई दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक शिवसताक्षी नगरपालिका वडा नम्बर २ बस्ने २६ वर्षीय पदमबहादुर पौडेल र पछाडी सवार सोही ठाउँ बस्ने ४० वर्षीय नबिन आचार्य घाइते भएका थिए । दुवैलाई दमकस्थित निम्स अस्पतालमा प्रारम्भिक उपचार गरी बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा उपचारका क्रममा शनिवार दिउँसो ४ बजे आचार्यको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।






# जनआदर्श माविको इज्जत जोगाउने पूजाको आफ्नै पीडा

• **विनोद सापकोटा,**

झापा ।शिवसताक्षी ४ रंगियाथानकी पूजाकुमारी शाहले एसईई परीक्षाको नतिजामा आफू मात्र उत्तीर्ण हुन्छु भनेर सोचेकै थिइनन् । यसै साता मात्र प्रकाशित भएको एसईई परीक्षाको नतिजामा वडा नम्बर ६ को जनआदर्श माध्यमिक विद्यालयबाट परीक्षा दिएकामध्ये आफू मात्र उत्तीर्ण भएको खबर सुन्दा उनी निकै दुःखी भईन् । 'सँगैका साथी अनुत्तीर्ण भए । म मात्र उत्तीर्ण । कसरी खुसी हुनु ?' उनले भनिन् ।



पूजाकुमारीसंगै अन्य ५० जना विद्यार्थीले वडा नम्बर ७ को व्याङडाँडास्थित भगवती माध्यमिक विद्यालयको परीक्षा केन्द्रबाट एसईईको परीक्षा दिएका थिए । 'परीक्षा हलबाट बाहिरिँदा सबै साथीले आजको परीक्षा राम्रो भयो भनेर प्रतिक्रिया दिन्थे,' उनले भनिन् 'नतिजा हेर्दा आफैलाई चित्त बुझेको छैन ।' पूजाले अध्ययनका लागि विद्यालयको समय बाहेक दिनहुँ अतिरिक्त दुई घण्टा मात्र समय निकाल्थिन् । विद्यालयबाट घर फर्किएपछि खाजा खाने, घरको काम धन्दा सक्ने र आमालाई व्यापारमा सघाउने उनको दिनचर्या नै थियो । बेलुकाको समय एक घण्टाभित्रमा सरले दिएको गृहकार्य गर्ने र बचेको समय अध्ययनमा खर्चिन्थिन् । बिहान पनि घरको काम धन्दा सकेर एक घण्टा अध्ययन गर्ने बानी बसालेकी थिइन् । बेलुकाको भन्दा बिहानको समयलाई उनले बढी महत्व दिने गरेकी थिईन् । उनले वर्षभरिको अध्ययन तालिका यसरी नै बनाएकी थिइन् । उनको आमा मञ्जुले भनिन् ' पढ्न कति रहर गर्थिन् , निन्द्रा पुग्दैन भनेर सुत भन्थे । उनी मैले भनेको टेर्दिनथिन् । कोठामा एक्लै पढिरहन्थिन् ।' नेपाली विषयका राम राय, अंग्रेजी विषयका आशिष राई, नारायण भट्टराई गणित, मङ्गल ताजपुरिया सामाजिक, टिकाराम काफ्ले विज्ञान, पदम भण्डारी ऐच्छिक प्रथम अर्थशास्त्र र हर्क बस्नेतले द्वितीय ऐच्छिक शिक्षा विषय पढाउँथे । ' हामीलाई कक्षा कोठामा गएर पढाउने सबै सरहरूको इच्छा सबै विद्यार्थी पास होऊन् । जान्ने होऊन् भनेर मेहनतका साथ पढाउनुहुन्थ्यो,' उनले भावुक हुँदै भनिन् 'हाम्रो विद्यालयको नतिजा यो स्तरको आउँछ भनेर मैले सोचेको पनि थिइनँ । एसईईको परीक्षाको नतिजामा सरहरुको दोष होइन । हाम्रो दोष हो ।' 'साथीहरुले सरले दिएको गृहकार्य गर्नुभएन । सरले पढाएको पाठ दोहोर्याएर आफै पढेर बुझ्ने प्रयास गर्नुभएन । बचेको समय किताबमा के छ भनेर अध्ययन गर्नुभएन । फलस्वरुप यस्तो नतिजा आएको हो,' उनले भनिन् ' यसमा सर गुरुआमाको के दोष ।' साथीहरुले आफ्नो भविष्यको बारेमा सोचेका थिए भने विद्यालयको नतिजा यस्तो हालतमा नआउने उनले बताइन् । 'मैरै साथीले पढ्न ध्यान दिनुभएन । आ–पास भइहालिन्छ त नि भनेर हल्का रूपमा लिनुभयो । अघिल्ला वर्षको नतिजालाई जस्तै ठान्नुभयो । जसका कारण हामी सबै फेल भयौं,' उनले भनिन् । उनी २ दशमलव ७६ जीपीए प्राप्त गरेर शिवसताक्षी नगरकै एक मात्र नमुना विद्यालयबाट उत्तीर्ण भइन् । यो नतिजामा उनलाई पनि चित्त बुझेको छैन ।

एउटा सामुदायिक त्यो पनि नगरकै ठुलो नमुना विद्यालयबाट आफै मात्र एसईईमा उत्तीर्ण हुँदा उनी निकै अचम्भित भएकी छन् । 'सरले जतिलाई कक्षा कोठामा पढाउनु भयो सबैले बराबरी ज्ञान लिएका हौं । म मात्र पास हुँदा आश्चर्य लागेको छ' उनले भनिन् । यतिबेला सामाजिक सञ्जालका स्थानीय प्रयोगकर्ताले उनको तस्वीर राखेर बधाई दिन थालेका छन् । उनी स्थानीय प्रयोगकर्ताको फेसबुकको वालमा यतिबेला सजिन थालेकी छन् । उनलाई भेट्न र बधाई तथा शुभकामना दिन घरैसम्म पुगेर माला, खदा लगाईदिने सामाजिक अभियन्ता, राजनीतिकर्मी, शिक्षकहरुको भीड लाग्न थालेको छ । शिक्षासँग जोडिएका सरोकारवाला निकायले पूजालाई सम्मान गर्नुपर्ने बताएका छन् । कतिपयले स्थानीय सरकारले उनलाई छात्रवृत्ति प्रदान गरि उच्च शिक्षाका लागि प्रोत्साहन दिनुपर्ने बताएका छन् । उनले विद्यालयकै सरसंग दुई महिना विज्ञान, गणित र अंग्रेजी विषयमा ट्यूसन कक्षा लिएकी थिइन् । ट्यूसनमा पनि २५ जना जति साथी संगै पढ्ने गरेको उनले बताएकी छन् । पूजाकी आमा तरकारीको व्यापार गर्छिन् । थोक व्यापारीबाट किनेर ल्याएर स्थानीय बजारमा बेच्छिन् । त्यहीँबाट कमाएको नाफाले दुई छोरी र एउटा छोरालाई पढाउँछिन् । उनकी जेठी छोरीले पनि कक्षा १२ नियमित उत्तीर्ण गरेकी छन् भने छोरा बैदेशिक रोजगारीमा छन् । उनका अनुसार व्यापारबाट कमाएको पैसाले नानीलाई आवश्यक शैक्षिक सामग्री किन्ने गरेको छु । विदाका दिनका बजारमा पूजा आफैं तरकारी बेच्न जान्छिन् । शिवगञ्ज, बोलोचोक, रंगियाथान, व्याङडाँडा र हटिया नभएका दिनको गोधुली बजारमा

❖ बाँकी अन्तिम पृष्ठमा




## बिर्तामोड नगरपालिकालाई ब्यवसायीको हितमा काम गर्न सुझाव

झापा(प्रस) ।बिर्तामोडका ब्यवसायीहरुले स्थानीय सरकारले व्यवसायीहरुको हितमा काम गर्नु पर्ने माग गरेका छन् । बिर्तामोड उद्योग वाणिज्य संघले आयोजना गरेको 'मेयरसंग ब्यवसायी' विषयक कार्यक्रमका सहभागीहरुले यस्तो माग गरेका हुन् । उनीहरुले स्थानीय सरकारले व्यवसायीको संरक्षण गर्नु पर्ने र ब्यवसायीहरुको हितमा कार्यक्रम ल्याउनु पर्ने माग समेत गरे ।

राज्यलाई सबैभन्दा धरै कर ब्यवसायीले तिर्ने गरेको तर व्यवसायीको हितमा स्थानीय सरकारले कार्यक्रम ल्याउन नसकेको भन्दै उनीहरुले दुखेसो पोखे ।

कार्यक्रममा बोल्दै अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष निर्मल भट्टराईले कृषिजन्य वस्तुमा संघीय सरकारले छुट दिएपनि स्थानीय सरकारले कृषिजन्य वस्तु निर्यातमा कर लिएको र त्यसलाई हटाइनु पर्ने माग राखे । महिला उद्यमी पार्वता खरेल विमलीले बिर्तामोडलाई प्लाष्टिकमुक्त बनाइनु पर्ने र महिला व्यवसायीलाई स्थानीय सरकारले उद्यमशीलतामा जोड्दै लानुपर्ने धारणा राखिन् ।

झापा गोल्डकपका अध्यक्ष विनोद वस्नेतले ब्यवसायीको संरक्षण गर्दै उनीहरुको सुरक्षाका लागि सडक किनारमा सडक बत्ती जडान गर्नु पर्ने बताए ।

त्यस्तै अग्रसेन भवन बिर्तामोडका अध्यक्ष मोहन मित्तलले करका क्षेत्रमा नगरपालिका लचिलो बन्नु पर्ने र सबै ब्यवसायीलाई करको दायरामा ल्याउनु पर्ने बताए । कर तिर्ने व्यवसायीलाई स्थानीय सरकारले सम्मानजनक व्यवहार गर्नु पर्ने उनको धारणा थियो ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा औचित्यमाथि प्रकाश पार्दै उनले भने,'बिर्तामोड नगरपालिकाले व्यवसायीको हित हुनेगरी कार्यक्रम ल्याउनम नगरप्रमुखलाई अनुरोध गर्छु ।' संघको तर्फबाट गर्नुपर्ने सहयोग गर्ने आफू प्रतिवद्ध रहेको उनले बताए ।

कार्यक्रमकी प्रमुख अतिथि समेत रहेकी बिर्तामोड नगरपालिका प्रमुख पवित्रादेवी महतारा प्रसाईले व्यवसायीले उठाएका प्रश्नको जवाफ दिँदै ब्यवसायीहरुका उचित मागलाई सम्बोधन गर्ने बताएकी थिइन् ।

बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजकुमार घिमिरे राजुले स्वागत गरेको कार्यक्रमको सञ्चालन महासचिव कुशल खतिवडाले गरेका थिए । कार्यक्रममा संघका पूर्व अध्यक्ष राजेन्द्रकुमार थापा, बलराम कार्की, व्यवसायी गणेश पौडेल, ओमकृष्ण विमली लगायतले आ- आफ्नो धारणा राखेका थिए ।

# झापामा तामाङ महिला घेदुङ गठन

बिर्तामोड(प्रस) । नेपाल तामाङ महिला घेदुङ जिल्ला समिति झापा गठन भएको छ । देवीमाया मोक्तानको अध्यक्षतामा तामाङ महिला घेदुङको ११ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत निर्वाचित भएको हो । जसको उपाध्यक्षमा माया तामाङ, सचिव राधिका तामाङ र कोषाध्यक्षमा पुजा योञ्जन रहेका छन् । त्यस्तै सदस्यहरुमा सरस्वती तामाङ, दुर्गादेवी तामाङ,मनमाया तामाङ र सारदा तामाङ रहेका छन् । नेपाल तामाङ



घेदुङ जिल्ला समन्वय समिति झापाका अध्यक्ष जगतबहादुर तामाङको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथिमा नेपाल तामाङ घेदुङका प्रदेश अध्यक्ष रेखबहादुर तामाङ, बिशिष्ठ अतिथिमा नेपाल तामाङ घेदुङ संघीय सदस्य तथा झापा इन्चार्ज पदमबहादुर ग्याबक तामाङ,नेपाल तामाङ बिद्यार्थी घेदुङ अध्यक्ष कंचन रुम्बा ,बुद्धशान्ति अध्यक्ष देवीध्वज योञ्जन, बिर्तामोड नगर अध्यक्ष बिजय गोले, मेचीनगर काबा अध्यक्ष भक्त मोक्तान, अर्जुनधारा नगर उपाध्यक्ष रिता घिसिङ, दमक नगर उपाध्यक्ष समुन्द्र लामा ,भद्रपुर नगरका सचिब राकेश तामाङ, मेचीनगर ६ का अध्यक्ष राम घिसिङ ,महिला अध्यक्ष लक्ष्मी थिङको आतिथ्य रहेको थियो । त्यस्तै १५ स्थानीय तहमध्ये ९ पालिकाका प्रतिनिधि उपस्थिति रहेको थियो ।

# जेष्ठ नागरिक भद्रपुरको अध्यक्षमा पुनः खनाल

भद्रपुर(प्रस)। जेष्ठ नागरिक नगर संघ भद्रपुरको दोस्रो नगर अधिवेशनले पुनः हेमप्रसाद खनालको . अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । ३ सदस्य पछि मनोनित गर्ने गरी १६ सदस्यीय समिति बनाइएको हो ।

संघको महेशपुरमा शनिवार सम्पन्न अधिवेशनले प्रथम उपाध्यक्षमा परमानन्द मिश्र, द्वितीय उपाध्यक्षमा शंकर गौतम, सचिवमा ईश्वरीप्रसाद पोखरेल, सहसचिवमा कल्पना पोखरेल र कोषाध्यक्षमा राजन खनाललाई सर्वसम्मत चयन गरेको छ ।

आगामी ३ वर्षे कार्यकालका लागि गठित समितिको सदस्यहरुमा मनप्रसाद कोईराला,भोजकुमारी दर्जी ,धनबहादुर लिम्बू ,टोमानन्द काफ्ले ,गोपाल भुर्तेल हरिकिशोर आचार्य राधादेवी निरौला कुशहरि बन्जरालगायत रहेका छन् । अधिवेशनलाई भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेलले उद्घाटन गरेका थिए । कार्यक्रममा नगर प्रमुख पोखरेल ,वडा नं ७ का वडा अध्यक्ष अभिशेख ढुंगाना, जयप्रसाद संग्रौला, गंगा वलीलगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा संघलाई सहयोग गर्ने महावीर अग्रवाल, हरिप्रसाद ओली ,जयप्रसाद संग्रौलालगायतलाई सम्मान गरिएको थियो । हेमप्रसाद खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन हरिकिशोर आचार्य र शंकरप्रसाद गौतमले संयुक्तरूपमा गरेका थिए ।

**जनआदर्श...**

तरकारीको व्यापार पूजाले गर्छिन् । व्यापारकै क्रममा पनि खाली भएको समयमा पढ्नका लागि किताबहरू बोकेर लैजाने गरेको जनता बजारका प्रकाश श्रेष्ठले बताए । उनले भने, 'अध्ययन र व्यापार पूजाको बराबर हुन्थ्यो ।'

गएको बैशाखमा उनका बुबा उपेन्द्रको मृत्यु भयो । 'चैत महिनादेखि नै बुबा बिरामी हुनुहुन्थ्यो । बुबा घरमा बिरामी हुँदा मलाई पढाइमा निकै बाधा परेको थियो । तर पनि दुःखले पास भएछु ' उनले भनिन् ।

'अब उच्च शिक्षाका लागि मेरो आमासंग धन छैन । दिदीले पनि दुःखले पढ्नुभयो । १२ सकेपछि विपन्नताकै कारणले बिचैमा ब्रेक लाग्यो । मेरो त ११ कक्षा भर्ना हुनलाई पनि पैसा छैन । बरु फेल भएको भए, मेरो आमालाई आर्थिक संकट त पर्ने थिएन ' उनले आफ्नो पीडा सुनाइन् ।

यो विद्यालय २०२५ सालमा स्थापना भएको हो। स्थापनाताका कमजोर नतिजा आएपनि २०५० सालयता भने हालसम्मकै यो नतिजा लज्जास्पद रहेको एक स्थानीय अभिभावकले बताए ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री लक्ष्मीवती नेपालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ७ बस्ने श्री रमा देवी मल्लाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ७ | १८०० १२१ | ८८७ | १६९. ३२ | २०८०/ १२ /०५ | २०८०/ १२ /०५ | २०८१/ ०१/०७ |









**जनहितमा जारी सूचना**

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश



**डढेलोबाट बचौं र बचाऔं ।**

सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्

त्यसैले,

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड





नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# पदयात्राको पहिचान र विकास

नेपालमा पर्यटकहरूका लागि उत्कृष्ट मानिएका पदयात्रा गर्ने ठाउँहरू छन् । यस्ता ठाउँहरूको राम्रो प्रचारप्रसार हुन सकेमा नेपाल आउने पर्यटकको संख्यामा वृद्धि गर्न सकिन्छ । पर्यटन क्षेत्रमा भएको विकासको कारणले नेपालीहरूले विभिन्न फाइदाहरू प्राप्त गरेका छन् । नेपाललाई आत्मनिर्भर बनाउन र नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक तथा यसको चौतर्फी विकास गर्न सकिएमा नेपाल पनि संसारमा छिटै विकसित राष्ट्रको रूपमा चिनिन सक्छ । यसका लागि नेपाल सरकारले स्पष्ट कार्यनीति तथा रणनीति बनाई त्यसको कडाइका साथ कार्यान्वयन गर्नुपर्छ । नेपालमा राजनीति अस्थिरता छ । यहाँका प्रत्येक क्षेत्रमा आवश्यकभन्दा बढी राजनीति हावी भएको पाइन्छ । यहाँका बहुसंख्यक नेताहरूले आफ्नो राष्ट्र, राष्ट्रियता र आफ्नो राष्ट्रका जनताका लागि जति सोच्नु पर्ने हो त्यति सोचेका छैनन् ।

नेपालमा पर्यटकहरूका लागि आधारभूत सुविधाहरूको पनि अभाव छ । यहाँको प्रशासनिक प्रक्रिया निकै झन्झटिलो छ । पर्यटन क्षेत्रमा लागेका व्यवसायीहरू बीच पनि आपसमा अस्वस्थ प्रतिस्पर्धा छ । कतिपय व्यवसायीहरूले आफ्नो व्यापार व्यवसाय बढाउन अन्य क्षेत्रको बारेमा नकारात्मक प्रचारप्रसार गरेको पनि पाइन्छ । जसका कारण पनि पर्यटन व्यवसायको विकासमा थप चुनौती थपिएका छन् ।

नेपालले सगरमाथा, शान्तिको अग्रदूत महामानव गौतम बुद्धको जन्मस्थान लुम्बिनी, सत्य र धैर्यताको प्रतीक राजा दशरथ र माता सीताको जन्मस्थान जनकपुर र नेपालमा भएको जल सम्पदा र जडीबुटीको राम्ररी उपभोग गर्न सकेमा राष्ट्रले चाँडै कोल्टे फेर्न सक्छ । यहाँको नेतृत्वमा दृढ इच्छा, यहाँ भएका जैविक विविधता, सांस्कृतिक विविधता र प्राकृतिक सुन्दरताको प्रचारप्रसार गर्नु अति आवश्यक छ । इसाई धर्मावलम्बीहरूको लागि इजरायलको जेरुसेलम, ईस्लाम धर्मावलम्बीहरूको लागि साउदी अरेवियाको मक्का मदिना जस्तै विश्वमा बौद्धमार्गीहरूका प्रोरणाका श्रोत महामानव बुद्धको जन्मस्थल लुम्बिनीलाई बौद्ध तीर्थस्थलको रूपमा विकास गरी लाखौं धार्मिक पर्यटकहरू पनि भित्र्याउन सकिन्छ । हुन त सम्पूर्ण नेपाल आफैमा पर्यटकीय स्थल हो । यहाँ रहेका ७७ जिल्लाहरूमा नै पर्यटकीय क्षेत्र रहेका छन् ।

नेपाल सरकारले ती सम्पूर्ण ठाउँहरूको साथसाथै गोर्खा, पाल्पा, मनाङ, मुस्ताङ, भक्तपुर, ललितपुर, धरान, विराटनगर, इटहरी, इलाम, पोखरा, नाम्चेबजार, नगरकोटलगायतका पर्यटकीय क्षेत्रको अझ बढी प्रचारप्रसार गर्नु अति आवश्यक छ । हाल नेपालमा पर्यटन व्यवसाय मौसमी प्रकारको छ । यसमा पनि सरकारले विभिन्न प्याकेजका कार्यक्रम ल्याई सदावहार बनाउनु आवश्यक छ । यसका लागि विश्वप्रसिद्ध सञ्चारका माध्यमहरू बीबीसी, सीएनएन र अलजजीराजस्ता टेलिभिजनहरू र विभिन्न आधिकारिक सामाजिक संजालहरूबाट प्रचारप्रसार गर्न सके विश्वाससामु नेपालका गन्तव्य सहजै पुग्ने थियो । यसका लागि सरकारको मात्र मुख नताकि यस व्यवसायमा लागेका निजी क्षेत्रका लगानीकर्ताहरूले पनि आआफ्नो ठाउँबाट योगदान दिन जरुरी छ । साहसिक पर्यटन विकासका लागि र्‍याफटिङ तथा प्याराग्लाइडिङ, बन्जीजम्पको अझ बढी प्रचारप्रसार गर्नुपर्दछ । यसका लागि सरकारले नेपाल भ्रमण वर्ष १९९८, पर्यटन वर्ष २०११, भ्रमण वर्ष २०२० जस्तै अन्य पर्यटकहरूलाई आकर्षक गर्ने किसिमका प्याकेज तथा अभियानहरू घोषणा गर्नुपर्छ । तर त्यस्ता प्याकेजहरू घोषणा मात्र गरेर पुग्दैन । त्यसको साथसाथै पर्यटनमैत्री वातावरण पनि सिर्जना गर्नुपर्छ ।

# एसइईपछिको यात्रा आफैं रोजौं



• बसन्त आचार्य

एसइईको नतिजा सार्वजनिक भएको छ । औसत रूपमा विगतका नतिजाको समवर्ती भएर यो नतिजा आएको छ । शिक्षाको क्षेत्रमा सबैभन्दा व्यग्र प्रतीक्षा हुने, सर्वाधिक विद्यार्थी सहभागी हुने, गहिरो ढङ्गले विश्लेषण अनि चर्चा हुने भनेको एसइईको नतिजा नै हो । कतिपय विश्लेषक एसइईको नतिजालाई सिँगो देशको शैक्षिक अवस्था चित्रण गर्ने मानकका रूपमा लिन्छन् । जे होस् शिक्षा क्षेत्रमा एसइई उत्सव मात्रै नभएर महोत्सव नै हो । एसइईले सारा देशको ध्यान एकत्रित गरिरहेको हुन्छ ।

एसइईको नतिजापश्चात् अभिभावक र विद्यार्थीमा उच्च शिक्षाका लागि के गर्ने ? कसो गर्ने ? अनेकानेक मानसिक दबाब सिर्जना भएका हुन्छन् । अझ त्यसमा विद्यालयले गर्ने प्रचारप्रसारको चर्को असर परिरहेको हुन्छ । अहिले कैयौं अभिभावक र विद्यार्थीमा यस खालको दबाब गहिरो भएर आएको छ । एसइईपश्चात् अगाडि बढ्नका लागि अनेकानेक गोरेटा छन् । धेरै गोरेटा हुँदा कुन गोरेटो हिँड्ने भन्ने अन्योलता हुनु खासै नौलो पनि होइन । हामीले कुन गोरेटो हिँड्ने भन्ने कुराको मानक केलाई बनाउने गरेका छौं भन्ने कुरा निकै महत्वपूर्ण हो । हामीले मानक सही छनोट गर्न सक्यौ भने त त्यसले हामीलाई सही गन्तव्यमा पुऱ्याइहाल्छ । गलत छनोट भयो भने सिङ्गो जीवन नै यता न उताको भएर बित्ने गर्छ । जसले गर्दा पढेर पनि के काम छ र भन्ने खालको मनोविज्ञान बढेर जान्छ ।

अहिलेका विद्यार्थीले एसइईपश्चात् के पढ्ने भन्ने कुराको निर्धारण गर्नका लागि मुख्यतः अभिभावकको सुझावलाई नै मूल आधार बनाइरहेका हुन्छन् । यहाँनेर बुझ्नुपर्ने कुरा के हो भने हरेक अभिभावकलाई आफ्ना सन्तानका लागि सपना देख्ने अधिकार त अवश्य पनि हुन्छ तर त्यो सपना आफ्ना आँखाले भन्दा पनि सन्तानको आँखाले देख्नु मनासिव र न्यायपूर्ण हुन्छ । सन्तानलाई के बनाउनेभन्दा पनि के बन्न चाहन्छन् भन्ने बारेमा अभिभावकले सोच्नुपर्ने हुन्छ । अभिभावक नै सपनाको मूल स्रोत हो । अभिभावकले बालबालिकालाई दबाबभन्दा पनि सल्लाह र सुझाव दिनु पर्छ । कुन कुरा पढ्ने ? कसरी अगाडि बढ्ने ? लगायतका विषयको निर्णय गर्न अभिभावकले बालबालिकालाई स्वतन्त्र छाडिदिनु पर्छ । हो, बालबालिका केही अन्योलमा परेको अवस्थामा अवश्य पनि केही सुझाव दिन सकिन्छ तर आफूले चाहेको विषय नै पढ्नु पर्छ भन्ने बारेमा विद्यार्थीलाई दबाब सिर्जना गर्नु मनासिव मानिँदैन । क्षणिक रूपमा अभिभावकमा सन्तुष्टि ल्याए पनि त्यसले कालान्तरणमा ल्याउने भनेको विस्फोट नै हो ।

अर्को कुरा भनेको विद्यार्थीले ल्याउने नतिजा हो । सामान्यतया हामीकहाँ राम्रो नम्बर ल्याउने विद्यार्थीले विज्ञान नै पढ्नु पर्छ भन्ने खालको सोच देखिन्छ । कसले कुन विषय पढ्ने भन्ने कुरा अङ्कले कहिल्यै पनि मापन गर्न सक्दैन । त्यो वस्तुनिष्ठ पनि हुँदैन । अङ्कलाई मापन गरेर राम्रो मानिएको अङ्क ल्याउनेलाई विज्ञान अनि ठिकठिकै अङ्क ल्याउनेलाई अन्य विषय अध्ययनका लागि दबाब दिनु हुँदैन । अङ्कलाई विषय या कार्यक्रम छनोटको आधार कहिल्यै पनि बनाइनु हुँदैन । यसले विद्यार्थीको अभिरुचिलाई मार्ने गर्छ । अङ्कको महत्व नै छैन भन्ने होइन तर विषय छनोटको आधार अङ्क मात्रै भने होइन । राम्रो अङ्क ल्याउनेबित्तिकै विज्ञान नै पढ्नु पर्छ, अलि जटिल मानिने विषय पढ्नु पर्छ भन्ने मान्यताले पनि विद्यार्थीमा निराशा पैदा गरेको छ । अङ्क कम या धेरै आउनु प्राविधिक कुरा पनि हो । यस कारण यसैलाई आधार मानेर बालबालिकालाई विषय छनोटका लागि दबाब दिनुले पनि उनीहरूमा पढाइप्रति अभिरुचि पैदा गर्न सक्दैन । कहिलेकाहीँ राम्रो गर्दा पनि सोचे जस्तो नम्बर नआउन सक्छ । नम्बर कम आयो भने विद्यार्थीको क्षमतालाई कम आँक्न मिल्दैन ।

विद्यार्थीलाई कार्यक्रम छनोटका आधारका रूपमा परिवारको पृष्ठभूमिलाई पनि लिन सकिन्छ । परिवारमा आफूभन्दा अघिको व्यक्तिले या अभिभावकले के विषय पढेको छ सोही विषय अध्ययनका लागि दबाब सिर्जना गरिएको पनि पाइन्छ । यसले पनि विद्यार्थीलाई उत्प्रेरित गर्न सक्दैन । परिवारमा कसले के काम गर्छ ? कुन विषय पढेको छ ? लगायतको कुरालाई विद्यार्थीलाई मानसिक रूपमा तनाव दिन सकिँदैन । आफू के बन्ने भन्ने कुरा सोच्नका लागि विद्यार्थी स्वतन्त्र हुनु पर्छ । एउटै परिवारमा सबै फरक फरक पेसा व्यवसायमा पनि हुन सक्छन् । सबै एउटै काममा हुनु पर्छ भन्ने सोच आफैँमा राम्रो मानिँदैन । अभिभावक पनि आफूले गरे जस्तै आफ्नो सन्तानले गर्नु पर्छ भन्ने सोचबाट मुक्त हुनु पर्छ ।

विद्यार्थीले विषय छनोटको आधार तय गर्नका लागि अहिले विभिन्न माध्यम छन् । यो प्रविधिको जमानामा उनीहरूले विभिन्न तवरबाट आफूले अध्ययन गर्ने विषयका बारेमा जानकारी लिन सक्छन् । आज एआइको जमाना आइसकेको छ । हिजोका दिनमा धेरै स्कोप मानिने विषय आजका लागि सामान्य जस्तै पनि भएको छ । यो जमानालाई सम्बोधन गर्ने खालको कुरा के हुन सक्छ भन्ने बारेमा विद्यार्थी आफैँ पनि जानकार छन् । उनीहरूलाई कसरी सही ढङ्गले सपना छनोट गर्ने र सपना पूरा गर्नका लागि के कुरामा ध्यान दिने भन्ने बारेमा जानकारी मात्रै दिए पुग्छ । हामीले उनीहरूको सपना माथि नै हस्तक्षेप गरेर अनावश्यक दबाब दिनु हुँदैन । आफ्नो जीवन कसरी बाँच्ने भन्ने कुरा विद्यार्थीको आफ्नो स्वतन्त्रताको कुरा पनि हो ।

विद्यार्थीले के विषय पढ्ने ? भन्ने सन्दर्भमा सबैभन्दा पहिलो कुरा उनीहरूले आफ्नो मनको कुरा सुन्नु पर्छ । आफूलाई के कुरामा सबैभन्दा अभिरुचि छ ? सबैभन्दा राम्रो कुन क्षेत्रमा गर्न सकिन्छ जस्तो लाग्छ ? यो प्रश्नको जवाफसँगै विद्यार्थीले आफूले पढ्ने विषयको छनोट गर्नु पर्छ । कहिलेकाहीँ के कुरा पढ्ने भन्ने आधार तय गर्न नसक्दा विद्यार्थीले सोचे अनुसारको नतिजा प्राप्त गरेका हुँदैनन् । पढ्न भन्दा पनि जटिल कुरा भनेको विषय छनोट हो । यसलाई सजिलो मानेर हामीले त्यसै छाड्नु हुँदैन । भोलि जे हुन्छ हुन्छ भन्ने सोच्नु हुँदैन । भोलि के हुने भन्ने कुरा आज तय हुनु पर्छ । भोलि कहाँ जाने भन्ने कुरा आज निर्धारण हुनु पर्छ ।

संसारमा हरेक विषयको समान महत्व र गरिमा छ । त्यसमा विज्ञता कसरी हासिल गर्ने भन्ने मह□वपूर्ण हो । विद्यार्थीले बुझ्नुपर्ने गाँठी कुरा के हो भने उसले आफूलाई भविष्यमा कुन रूपमा देख्न चाहन्छ भन्ने कुरालाई केन्द्रमा राख्नु पर्छ । राम्रो गायक बन्न मन छ भने सोही अनुसार विषय अध्ययन गरेर अगाडि बढ्नु पर्छ । अभिरुचि र पढ्ने विषयका बिचमा अन्तर हुनु हुँदैन । विद्यार्थीले आफूले चाहेको विषय पढ्न पायो भने अवश्य पनि उसले राम्रो गर्न सक्छ । अरूको करकापमा अध्ययन गरेको विषयमा विद्यार्थीले गतिलोसँग पढ्ने छाँट देखाउँदैन । यस कारण विद्यार्थीले नै कुन विषय अध्ययन गर्ने भन्ने कुरामा दृढ निश्चय भएर निर्णय गर्नु पर्छ । निर्णय गर्ने बेलामा अनावश्यक हल्लाका पछाडि दौडनु हुँदैन । शिक्षा क्षेत्रमा पनि केही विकृति भरिएका छन् । यसले विद्यार्थीलाई पनि प्रभाव पारेको छ । अस्वस्थ प्रतिस्पर्धाको सिकार अहिले कैयौं विद्यार्थी भइरहेका छन् । यस कुरालाई मनन गरेर विद्यार्थीले विषय छनोटमा वस्तुनिष्टता, तठस्थता र जिम्मेवारीबोधका साथमा आफूलाई प्रस्तुत गर्नु पर्छ ।

# पर्यटक भित्र्याउने रणनीति



• शिवेस सिंह



मान्छे स्वभावैले जिज्ञासु प्राणी हुन्छ । उसलाई नयाँ भूगोल घुम्ने, नयाँ मान्छेसँग भेट्ने, नयाँ सामाजिक रहनसहनमा घुलमिल हुने रहर हुन्छ । यी सबै रहर एक ठाउँमा बसेर पूरा हुँदैनन्, त्यसका लागि फरक फरक ठाउँमा जानुपर्ने हुन्छ । यसरी केही दिनका लागि कामले भन्दा पनि यत्तिकै रहरले आउने जाने पर्यटक हुन् । नेपाल पर्यटकीय हिसाबले सम्भावना बोकेको ठाउँ हो किनभने यहाँ केही घण्टाको यात्रामा गर्मी र समथर भूगोलबाट चिसो र अग्लो पहाडमा जान सकिन्छ । नेपालको भूगोलले मात्र पर्यटनको सम्भावना बोक्दैन, यहाँको बहुआयामिक धर्म, संस्कृति, भेषभूषा र रहनसहनले पनि उत्तिकै सम्भावना बोक्छ ।

नेपालको अहिलेसम्म १० लाख पर्यटक भित्र्याउने लक्ष्य थियो, जुन अहिले आएर पूरा भएको छ । आर्थिक वर्ष २०८१/८२ को बजेटले झन्डै डेढ गुणा अर्थात् १६ लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रकाशन गरेको 'नेपाल टुरिज्म स्टाटिस्टिक २०२३' बमोजिम नेपालमा गत वर्ष आकाशमार्फत ९,१४,२७० र जमिनमार्फत १,००,६१२ पर्यटक गरी जम्मा १०,१४,८८२ पर्यटक भित्रिए । पर्यटक आउने प्रमुख पाँच देशमा क्रमशः भारत, अमेरिका, चीन, बेलायत र अस्ट्रेलिया रहे । उनीहरूको नेपालमा औसत बसाइ अवधि १३.२ दिन रह्यो । बिदा मनाउन ६२.५ प्रतिशत, तीर्थाटन गर्न १३.१० प्रतिशत, ट्र्याकिङ र हिमाल चढ्न १५.२ प्रतिशत र अन्य ९.२ प्रतिशत पर्यटक आए । गत वर्ष पर्यटन व्यवसायबाट नेपालको आम्दानी ५,४८,२०० हजार डलर रह्यो भने औसतमा प्रतिपर्यटकले प्रतिदिन ४१ डलर खर्च गरेको देखियो ।

**पर्यटककेन्द्रित पर्यटन नीति**

आव २०८१/८२ को सरकारको नीति तथा कार्यक्रममा नयाँ गन्तव्यको पहिचान तथा मौजुदा गन्तव्यको विकास र प्रवर्धन गर्ने उल्लेख छ । नीति तथा कार्यक्रम बनाउँदा अब पर्यटकको नजरियाबाट बनाउनु पर्छ । हामीकहाँ कस्ता कस्ता खालका पर्यटक आइराखेका छन् ? उनीहरू के का लागि आउँछन् ? उनीहरू जे उद्देश्य बोकेर आएका थिए, त्यो पूरा भयो कि भएन ? उनीहरूले कुनै सुझाव दिएको भए त्यसमा विचार गरियो कि गरिएन आदि कुराको विश्लेषण गरी पर्यटन नीति बनाउनु पर्छ । हामीले बनाएको मन्दिर, हाम्रो हिमाल पहाड हेर्न आइहाल्छन् भनेर हुँदैन । उनीहरूले के खोजेका हुन्छन् ? हामीले के देखाउन खोजेका छौं ? त्यसमा पहिला स्पष्ट हुनु पर्छ ।

पर्यटकले ठाउँ छनोट गर्दा उसको रुचि, पेसा, रहर अनुसार र कोही अध्ययन अनुसन्धानका लागि गर्छन् । गर्मी र समथर ठाउँको मान्छेले पहाड र हिमालको सुन्दरता र शीतलता अनुभव गर्न चाहलान् । कोही सिभिल इन्जिनियर रहेछ भने उसले त्यहाँ बनेका संरचना, पूर्वाधार, बस्ती विकास बुझ्न रुचि देखाउला । कोही समाज संस्कृतिसँग सरोकार राख्ने रहेछ भने उसलाई त्यहाँको भाषा, ऐतिहासिक ठाउँ, रहनसहनमा दिलचस्पी होला । पर्यटक विभिन्न पृष्ठभूमिका हुन्छन् । एउटाको उद्धेश्य अर्कोसँग नमिल्ला । त्यसैले सबै खाले पर्यटकलाई समेट्ने गरी पर्यटक केन्द्रित पर्यटन नीति बनाउनु पर्छ । पर्यटन व्यवसायमा पर्यटकको संख्या र पर्यटकको बसाइ अवधि महत्वपूर्ण हुन्छ । योजनाबद्ध र व्यवस्थित रूपमा सकेसम्म धेरै पर्यटकलाई धेरैभन्दा धेरै दिन बसाइ अवधि गराउने किसिमको रणनीति बनाई पर्यटन पूर्वाधार निर्माण गरिनु पर्छ ।

मानौं, कुनै एउटा पर्यटकीय गन्तव्य स्थल छ भने त्यहाँ जान सक्ने यातायातका रुट, नक्सा, त्यहाँको जनसंख्या, सो ठाउँको विस्तृत विवरण, सुरक्षाको स्थिति, जोखिमको स्थिति, हावापानीको स्थिति आदिको बारेमा सत्यतथ्य जानकारी सम्प्रेषण गर्नु पर्छ । पर्यटकलाई अति आवश्यक हुने सुरक्षित आवास, बैङ्क, खानपान, सञ्चार, यातायात आदि सुविधाको उचित प्रबन्ध मिलाउनु पर्छ ।

**डिजिटल प्रचारप्रसार गर्नुपर्ने**

पर्यटन व्यवसाय भनेको एक किसिमको विज्ञापन नै हो । विज्ञापन भनेको आफ्नो उत्पादनको सम्भावित उपभोक्ता सामु प्रचारप्रसार गर्नु हो । नेपालमा पर्यटक बढाउने किसिमको प्रचारप्रसारमा कमी देखिन्छ । विदेशीको त कुरा छोडौं, कतिसम्म भने थुप्रै नेपालीलाई नै नेपालमा कहाँ के छ भन्ने थाहा छैन । सामान्यतया आफ्नो साथीभाइको सल्लाहबाट, अखबारबाट, सामाजिक सञ्जालबाट सम्भावित पर्यटकीय गन्तव्यस्थलको बारेमा जानकारी प्राप्त गर्छन् । र सोही अनुसार योजना बनाउँछन् ।

**विस्तृत पर्यटन तथ्याक्त तयार हुनुपर्ने**

भविष्यको योजना बनाउन वर्तमान स्थिति राम्रोसँग थाहा हुनु पर्छ । अहिले भए गरेका पर्यटकीय स्थलको सबै खाले तथ्याङ्क सङ्कलन गर्नु पर्छ । जस्तैः जनकपुरको जानकी मन्दिरको डाटावेश तयार गर्ने कार्यमा विभिन्न जानकारी जस्तै : विगत १० वर्षमा कुन कुन देशबाट कति पर्यटक आए ? उनीहरूले त्यहाँको के कुरा मन पराए र केमा चित्त बुझाएनन् ? उनीहरूको बसाइ अवधि कति दिन रह्यो ? कुन माध्यमले उनीहरूलाई जानकी मन्दिर आउने वातावरण बनायो ? त्यहाँ जानकी मन्दिरको अलावा अन्यत्र कता कता घुम्न गए ? उनीहरूको जानकी मन्दिरको भ्रमणको कस्तो अनुभव रह्यो ? लगायतका तमाम सूक्ष्म विषयवस्तुको जानकारी माग्ने र त्यसको सङ्कलन गर्ने गर्नु पर्छ । यसबाट भविष्यमा पर्यटनसम्बन्धी उपलब्धिमूलक नीति अवलम्बन गर्न सघाउ पुग्छ । यसका लागि उनीहरूलाई विभिन्न प्रश्नको सूची बनाएर सोध्ने र आफ्ना अनुभवहरू व्यक्त गर्न मिल्ने प्लेटफर्म तयार हुनु पर्छ ।

**पर्यटन विकास समृद्धको आधार**

सार्क राष्ट्र माल्दिभ्समा कुल जिडिपीको २८ प्रतिशत पर्यटनको हिस्सा छ भने भारतको गोवामा पर्यटन क्षेत्रको कुल जिडिपीमा १६.४ प्रतिशत योगदान छ । नेपालको भूगोल, संस्कृति, भाषा, रहनसहन पर्यटनलाई उकास्ने किसिमको छ ।

पर्यटनले ठुलो मात्रामा प्रत्यक्ष तथा अप्रत्यक्ष किसिमका रोजगारी सिर्जना गर्छ । विभिन्न देशका पर्यटक आउँदा जाँदा उनीहरूबाट ज्ञान, सिप, प्रविधि, संस्कृतिको पनि आदानप्रदान हुन्छ । नखोजिएका नवीन पर्यटन गन्तव्य स्थलको खोजी हुनु पर्छ । यहाँको हिमाल पहाडले मात्र पर्यटक लोभ्याउँदैनन्, मधेशले पनि गर्न सक्छ, त्यसको खोजी हुनु पर्छ ।

अबको पर्यटन विकास वैज्ञानिक, सिर्जनात्मक, योजनाबद्ध, कलात्मक र नतिजामुखी तवरले गरिनु पर्छ । पर्यटक लक्षित, तथ्यमा आधारित, सूचना प्रणालीसँग जोडेर, पर्याप्त प्रचारप्रसार गरेर पर्यटन व्यवसायलाई राष्ट्रको एक समृद्धिको आधारको रूपमा उभ्याउनु पर्छ । नयाँ नयाँ साहसिक पर्यटनको विकास, ट्र्याकिङ रुटको विकास, हिमाल आरोहणमा सहजता, सुविधासम्पन्न होटेल तथा होमस्टे विकास, पर्यटक सुरक्षाको प्रत्याभूतिलगायतका नयाँ तथा मौजुदा पर्यटकीय अवयवको व्यवस्थापन, खोजी र प्रवर्धनमा ध्यान दिनु पर्छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

## निकुञ्जका कर्मचारी मृत फेला



झापा(प्रस) । मकालु वरुण राष्ट्रिय निकुञ्जका एक कर्मचारी मृत भेटिएका छन् । संखुवासभाको मकालु गाउँपालिका-३ हेदाङ्नागढीमा मकालु वरुण राष्ट्रिय निकुञ्जका प्रथप्रदर्शक ५० वर्षीय केशरबहादुर कार्की आइतवार मृत भेटिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक घनश्याम श्रेष्ठले जानकारी दिए । उनलाई निकुञ्ज कार्यालयदेखि झण्डै तीन सय मिटरको दूरीमा स्थानीयले मृत फेला पारेपछि प्रहरीलाई खबर गरेका थिए । कार्की शनिबार साँझ निकुञ्ज कार्यालयबाट बाहिर निस्किएका थिए । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# व्यावसायिक गाँजा खेती गरिने

झापा(प्रस) । नेपाल सरकारको नीति तथा मापदण्डको अधीनमा रही गाँजा खेतीलाई औषधीजन्य प्रयोजनका लागि व्यावसायिक खेती प्रवर्धनका लागि धनकुटाको सहिदभूमि गाउँपालिकाले आफ्नो आगामी वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा गाँजा खेतीलाई समावेश गरेको छ ।

यसअघि नै सहिदभूमि गाउँपालिकाले चालु आव २०८०/८१ को स्वीकृत बजेटमार्फत औषधीय प्रयोजनका लागि गाँजा खेतीको सम्भाव्यता अध्ययनको कार्य सम्पन्न गरी प्रतिवेदनसमेत तयार गरिसकेको छ ।

आगामी आव २०८१/८२ को बजेटमार्फत नेपाल सरकारको नीति तथा मापदण्डको अधीनमा रही गाँजा खेतीलाई औषधीजन्य प्रयोजनका लागि व्यावसायिक खेती प्रवर्धन गर्न आवश्यक प्रबन्ध गरिने सहिदभूमि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन कार्कीले बताए ।

यसैगरी महालक्ष्मी नगरपालिकाको आगामी वर्षको नीति तथा कार्यक्रममा पनि गाँजा खेती समावेश गरिएको छ । महालक्ष्मी नगरपालिकाले २०८१/८२



मा केन्द्रीय सरकारले बाटो खुला गरेको खण्डमा औषधीय गुणयुक्त गाँजाको बढ्दो अवैधानिक खेती निरुत्साहित गरी यो खेतीलाई करको दायरामा ल्याउने गरी कार्यक्रम गर्न लागिएको महालक्ष्मी नगरपालिकाका नगरप्रमुख युवराज रायाले जानकारी दिए ।

दोस्रो गाउँसभाको पाँचौं अधिवेशनमा सहिदभूमि गाउँपालिकाका उपाध्यक्ष रत्नेश्वरी राई र दोस्रो नगरसभा पाँचौं अधिवेशनमा महालक्ष्मी नगरपालिकाका नगरप्रमुख युवराज रायाले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेट गाँजा खेती सर्वसम्मतिले पारित भएको हो ।

महालक्ष्मी नगरपालिकाले यो वर्ष गाँजा सम्भावित क्षेत्रको अध्ययन गर्ने कार्यक्रम समावेश गरेको छ । आगामी वर्षका लागि सहिदभूमि गाउँपालिकाले कुल ४८ करोड ७६ लाख ९७ हजार दुई सय रुपैयाँ प्रस्ताव गरेको छ । महालक्ष्मी नगरपालिकाले आगामी आवका लागि कुल ६२ करोड रुपैयाँको बजेट प्रस्ताव गरेको छ ।

बजेटले कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेको छ । नगरपालिकाले कृषि आधुनिकीकरण, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा सुदृढीकरण, पर्यटन पूर्वाधार विकास र युवा स्वरोजगार कार्यक्रमलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम पारित गरेको हो ।

# बिर्तामोडमा “फ्लोर” को डिजिटल बजार शुरु




झापा(प्रस) । “फ्लोर” मार्केटप्लेसले आफ्नै डिजिटल बजार असार १४गतेबाट बिर्तामोडमा शुरु गरेको छ ।

“जे चाहिन्छ ,फ्लोरमा पाईन्छ” भन्ने उद्घोषका साथ आफ्नो सेवा सुरु गरेको हो ।फ्लोरको एपबाट आवश्यक सामानहरु खरिद गर्न सकिने छाखरिद गरेको सामान तुरुन्त घरमै डेलिभरी गरिनेछ। फ्लोरबाट विभिन्न विधाका सामग्रीहरु किन्न सकिनेछ।

खानाका विभिन्न आइटमहरु आफूलाई मन परेको शुद्ध शाकाहारी तथा मांसाहारी ,रेस्टुरेन्ट , क्याफेबाट अर्डर गर्न मिल्ने , शुद्ध शाकाहारी रेस्टुरेन्ट , क्याफे, घरायसी आबश्यक ग्रोसेरी आइटम्स, फलफुल तथा सागसब्जी, माछामासु, लताकपडा, अचार, मह, पुजा सामग्री, मोबाइल, कम्प्युटर, ल्यापटप, सीसी क्यामेरा, एसेसरीज ,हार्डवेयरका विभिन्न सामानहरु, जुत्ताचप्पल, किन्ड्सवेअरलगायत अन्य धेरै सामानहरु फ्लोरबाट किन्न सकिने संस्थापक बिनिता निरौलाले बताइन् । उनले सामान अर्डरमा कुनै लिमिट नरहेको आफूले चाहे अनुसार खरिद गर्न मिल्ने बताउँदै चाँडै रात्रीकालिन डेलिभरी पनि सुरु हुने जानकारी दिइन् ।

“फ्लोर” ले पहिलो चरणमा कोशी प्रदेशका मुख्य शहरहरु दमक ,इटहरी ,धरान र बिराटनगरमा आफ्नो सेवा विस्तार गर्नेछ। साथै नेपालभरिबाट फ्लोरमा आफ्नो पसल खोल्न सकिने संस्थापक निरौलाले जानकारी दिइन् ।

# भारतले जित्यो विश्वकपको उपाधि

झापा(प्रस) । आइसीसी टी-२० विश्वकपको उपाधि भारतले जितेको छ। फाइनलमा दक्षिण अफ्रिकालाई ७ रनले हराउँदै भारतले १७ वर्षपछि उपाधि जितेको हो।

भारतले दिएको १७७ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले निर्धारित ओभरमा ८ विकेटको क्षतिमा १६९ रनमात्र बनाउन सक्यो।

दक्षिण अफ्रिकाका लागि हेइनरिक क्लासेनले सर्वाधिक ५२ रन बनाए। त्यस्तै क्विन्टन डीककले ३९ रन, ट्रिस्टन स्टबले ३१ र डेबिड मिल्लरले २१ रन बनाए। भारतका लागि हार्दिक




पाण्डेले ३ विकेट लिए। त्यस्तै अर्शदीप र जसप्रित बुमराहले २-२ विकेट र अक्सर पटेलले एक विकेट लिए।

यसअघि बारबाडोजको ब्रिजटाउनस्थित रंगशालामा टस जितेर ब्याटिङ गरेको भारतले ७ विकेटको क्षतिमा १७६ रन बनाएको थियो।

भारतका लागि विराट कोहलीले सर्वाधिक ७६ रन बनाए। ५९ बल खेलेका कोहलीले ६ चौका र २ छक्का प्रहार गरेका थिए।

त्यस्तै अक्सर पटेलले ४७ रन, शिभम दुबेले २५ रन, रोहित शर्माले ९ रन, सूर्यकुमार यादव ३ र रविन्द्र जडेजा २ रन बनाएर आउट भएका थिए। रिसभ पन्त भने शून्य रनमै आउट भएका थिए। त्यस्तै हार्दिक पाण्डे ५ रनमा अविजित रहे।

# विराट र रोहितले लिए सन्यास

झापा(प्रस) । भारतका कप्तान रोहित शर्मा र ओपनर विराट कोहलीले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएका छन्।

शनिबार राति टी-२० विश्वकपको उपाधि जितेसँगै रोहितले टी-२० फर्म्याटका अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यासको घोषणा गरेका हुन्।

शनिबार दक्षिण अफ्रिकालाई ७ रनले पराजित गर्दै भारतले १७ वर्ष यताको उपाधि खडेरी तोड्दै टी-२० विश्वकपमा दोस्रो उपाधि जितेको थियो।

बार्बाडोसमा पोस्ट म्याच प्रेस कन्फरेन्समा कप्तान शर्मा र म्यान अफ द म्याच घोषित हुँदै गर्दा कोहलीले सन्यासको घोषणा गरेका हुन्।




दुवैले सन्यासका लागि यो भन्दा उत्तम समय नभएको बताएका थिए।

‘टी-२० अन्तर्राष्ट्रियमा यो मेरो अन्तिम खेल थियो। यो फर्म्याटबाट बिदा हुनका लागि योभन्दा राम्रो समय अरु हुन सक्दैन। मैले यही फर्म्याटबाट भारतीय क्रिकेट टिममा खेल्न सुरू गरेको थिएँ। म उपाधि जित्न चाहन्थेँ,’ रोहितले भने।

कोहलीले जारी विश्वकपपछि आफूहरूले सन्यास लिने विषय ओपन सेक्रेटजस्तै भएको बताएका थिए।

‘अब अर्को पुस्तालाई पालो दिने बेला भयो। हामीसँग उत्कृष्ट खेलाडीहरू थुप्रै उत्पादन भएका छन्, जुन भर्खरै सकिएको आइपिएलमा पनि देखियो। अब भारतलाई यसभन्दा अगाडि लैजाने जिम्मा तिनै खेलाडीहरूको हो,’ कोहलीले भने।

रोहित शर्मा जारी विश्वकपमा सबैभन्दा बढी रन बनाउने खेलाडीको दोस्रो नम्बरमा परे। उनले ८ खेलबाट २५७ रन बनाएका छन्।

रोहित शर्माको नाममा टी-२० आईमा सबैभन्दा बढी रन बनाउने खेलाडीको कीर्तिमान पनि छ। उनले १५९ वटा खेलबाट ४ हजार २३१ रन बनाएका छन्।

# एक्काइस अर्बको धानचामल आयात

झापा(प्रस) । कृषिप्रधान मुलुकमा चालु आर्थिक वर्षको पहिलो ११ महिनामा २१ अर्ब रुपैयाँ बराबरको धानचामल आयात भएको छ । माग अनुसार उत्पादन नहुँदा ठुलो परिमाणमा धानचामल आयात भएको हो । भन्सार विभागको तथ्याङ्क अनुसार चालु आव २०८०/८१ को साउनदेखि जेठ मसान्तसम्म १२ अर्ब ४३ करोड ९१ लाख रुपैयाँ बराबरको तीन लाख सात हजार ४१७ मेट्रिक टन धान आयात भएको छ । यस्तै सोही अवधिमा आठ अर्ब ६९ करोड १७ लाख रुपैयाँ बराबरको विभिन्न प्रकारका ८२ हजार ७९१ मेट्रिक टन चामल पनि आयात भएको छ ।

गत आव २०७९/८० मा ४९ लाख ४६ हजार १४१ मेट्रिक टन बर्खे धान फल्दा त्यही आवमा भारतसहित तेस्रो मुलुकबाट पाँच लाख ५७ हजार ७५२ मेट्रिक टन धान आयात भएको थियो भने चामल दुई लाख ३३ हजार ९७९ मेट्रिक टन आयात भएको थियो । अघिल्लो वर्षको तुलनामा यो वर्ष चामल आयातमा भने कमी आएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्क अनुसार चालु आव २०८०/८१ मा मुलुकमा १३ लाख ३४ हजार २७७ हेक्टरबाट ५२ लाख तीन हजार ४२६ मेट्रिक टन धान फलेको थियो ।

आगामी आवमा पनि सरकारले प्रमुख खाद्यान्नमा मुलुकलाई आत्मनिर्भर गर्ने भनेर घोषणा गरेको छ । उक्त घोषणालाई प्रभावकारी रूपमा कार्यान्वयनमा नल्याइँदा चामलको आयात दर घट्नुको साटो बढ्दै गएको छ । कार्यक्रम पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन नहुँदा वर्षभरि नेपालीको पेट भर्न आयातित चामलको भर पर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

आममानिसको मुख्य भोजन भात, बियर उद्योग र दाना उद्योगलाई कच्चा पदार्थका रूपमा चामल चाहिन्छ । यसरी हेर्दा नेपालमा वार्षिक ८० लाख टन धानको माग छ । मानिसलाई मात्रै खुवाउन भने ६७ लाख टन धान आवश्यक छ । मन्त्रालयका अनुसार मुलुकमा वार्षिक ५१ देखि ५५ लाख टन हाराहारी मात्रै धान उत्पादन भइरहेको छ । माग अनुसार वार्षिक करिब ३० लाख टन धान अपुग छ ।

एक सय किलो धानबाट ६० किलो चामल तयार हुन्छ । यसरी हेर्दा मानिसको खान्की र उद्योगलाई गरी वार्षिक ४८ लाख टन चामल आवश्यकता छ । अहिले ३० लाख ६० हजार टन चामल मात्रै उत्पादन भइरहेको छ । चामल मात्रै साढे १७ लाखदेखि १८ लाख टन अभाव रहेको बताइएको छ । अपुग भएको धान भारतलगायतका मुलुकबाट आयात हुँदै आएको छ । धान उत्पादन वृद्धि गर्न बर्सेनि विभिन्न कार्यक्रम सञ्चालन गरे पनि अझै माग अनुसार उत्पादन हुन सकेको छैन । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आव २०७२/७३ देखि १५ जिल्लामा बृहत्तर धान उत्पादन कार्यक्रम सञ्चालन गर्दै आएको थियो । २०७३/७४ देखि कार्य क्षेत्र वृद्धि गरी यो कार्यक्रम ३५ जिल्लामा पुऱ्याइयो । यो कार्यक्रममार्फत प्रतिहेक्टरको धानको उत्पादकत्व ३.१ मेट्रिक टनबाट वृद्धि गरी चार मेट्रिक टन पुऱ्याउने लक्ष्य थियो तर यो कार्यक्रमले पनि लक्ष्य अनुसार उत्पादनमा वृद्धि गर्न सकेन ।




प्रतिदिन वर्गीकृत विज्ञापन




सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने